# शुद्धोधन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लवनी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

मितिः २०७८/०२/३१

### प्रेस विज्ञप्ति

गाउँपालिकाबाट सम्पादन गरिने काम कारबाहिलाई व्यवस्थित, योजनाबद्ध, प्रभावकारी, जनताले अनुभूत गर्ने गरी सम्पादन गर्ने अवस्थाको सृजना गर्ने/गराउने प्रयोजनका लागि स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्यविधि, २०७७ (Local Government Institutional Capacity Self-Assessment-LISA) जारी भई कार्यान्वयनमा आएको व्यहोरा सबैमा जानकारी गराउँछौं। उक्त कार्यविधिले देहायका क्षेत्रहरुमा देशायको अकंभार र उक्त क्षेत्रमा गाउँपालिकाले सम्पादन गरेको कार्यहरुको स्व-मूल्याङ्कन गर्ने परियाटीको व्यवस्था गरेको छ। यसै सन्दर्भमा आ. व. २०७६/७७ मा यस गाउँपालिकाबाट सम्पादित कार्यहरुबाट देहाय अनुरुप अंक प्राप्त भएको व्यहोरा सबैमा जानकारीको लागि अनुरोध छ

| क्र.सं. | विषय क्षेत्र | अंक भार | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ९ | २ | २२.२२ % |
| २ | संगठन तथा प्रशासन | ८ | ४.२५ | ५३.१३% |
| ३ | बार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ८.५ | ७७.२७% |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | ११ | ८.७५ | ७९.५५% |
| ५ | सेवा प्रवाह | १६ | ८.२५ | ५१.५६% |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ५ | ७१.४३% |
| ७ | भौतिक पूर्वाधार | १३ | ५.७५ | ४४.२३% |
| ८ | सामाजिक समावेशीकरण | १० | ५ | ५०% |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | २.७५ | ३०.५६% |
| १० | सहकार्य र समन्वय | ६ | १ | १६.६७% |
| कुल जम्मा | | १०० | ५१.२५ | ५१.२५% |

स्व-मूल्याङ्कनबाट प्राप्त नतिजाले गाउँपालिकाको अवस्था सन्तोषजनक रहेता पनि सुधारको प्रशस्त गुन्जायस रहेको र आगामी दिनहरुमा समग्र क्षेत्रहरुलाई समेट्दै शुद्धोधन गाउँपालिका बासिको अधिकतम हित र कल्याणका खातिर प्रतिनिधि तथा कर्मचारीहरु लाग्नुपर्ने देखिन्छ। स्व-मूल्याङ्कनबाट नतिजा घोषणा गर्ने कपिलवस्तुको सातौं पालिकामा पर्न सफल भएकोमा सबै कर्मचारी वर्गमा उक्त कार्यको सहजिकरणका लागि आभार व्यक्त गर्दछौं र सहयोगका लागि सबै जनप्रतिनिधिमा धन्यवाद व्यक्त गर्दछौं।

अनिता शर्मा
स्वतन्त्र विज्ञ

कृष्ण प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

सुधा देवि पाण्डेय
उपाध्यक्ष

निसार अहमद खाँ
अध्यक्ष